# स्थानीय राजपत्र

## घोराही उपमहानगरपालिका

## लुम्बिनी प्रदेश घोराही दाङ

**खण्ड १०   संख्या ९   स्थानीय राजपत्र   भाग २ मिति २०८३।०६।०५**


## सहकारी संस्था अद्यावधिक (नवीकरण) गर्ने सम्बन्धी मापदण्ड, २०८३

नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०६।०२

### प्रस्तावना

सहकारी संस्थाहरूको नियमित सञ्चालन, सुशासन, पारदर्शिता, उत्तरदायित्व तथा प्रचलित कानुनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरी सहकारी संस्थाहरुको अभिलेख अद्यावधिक गर्ने कार्यलाई व्यवस्थित बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सहकारी ऐन, २०७४, प्रदेश सहकारी ऐन तथा घोराही उपमहानगरपालिकाको प्रचलित कानुनबमोजिम यो "सहकारी संस्था अद्यावधिक (नवीकरण) मापदण्ड, २०८३" जारी गरिएको छ।

## परिच्छेद–१

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस मापदण्डको नाम "सहकारी संस्था अद्यावधिक (नवीकरण) मापदण्ड, २०८३" रहनेछ।
(२) यो मापदण्ड घोराही उपमहानगरपालिकाको कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

### २. परिभाषा

यस मापदण्डमा, बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा–

- (क) "उपमहानगरपालिका" भन्नाले घोराही उपमहानगरपालिकालाई जनाउँछ।
- (ख) "संस्था" भन्नाले घोराही उपमहानगरपालिका भित्र कार्यक्षेत्र भएका सहकारी संस्थालाई जनाउँछ।
- (ग) "अद्यावधिक" भन्नाले सहकारी संस्थाको बिनियम, तथा अभिलेख विवरणहरु नवीकरण गर्ने कार्यलाई जनाउँछ।
- (घ) "शाखा" भन्नाले सहकारी तथा रोजगार प्रवर्धन शाखालाई जनाउँछ।

# परिच्छेद–२

## ३. अद्यावधिकका लागि आवश्यक कागजातहरुः–

संस्था अद्याबधिक(नविकरण) गर्न संस्थाले निम्न कागजात पेश गर्नुपर्नेछः–

१ निवेदन।

२ सहकारी दर्ता प्रमाणपत्रको प्रतिलिपि।

३ पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन।

४ वार्षिक साधारण सभाको निर्णय तथा माइन्युट।

५ सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको विवरण।

६ सदस्य विवरण।

७ शेयर, बचत, ऋण तथा कोषको विवरण ।

८ कोपोमिस प्रबिष्ट सम्बन्धी बिवरण ।

९ कर तथा अन्य कानुनी दायित्व पूरा गरेको प्रमाण (लागू हुने अवस्थामा)।

१० अन्य आवश्यक कागजातहरु।

## ४. अद्यावधिक सम्बन्धी मापदण्ड

देहायका आधार पूरा भएको अवस्थामा संस्था अद्यावधिक गरिनेछ–

- वार्षिक साधारण सभा सम्पन्न भएको।
- लेखापरीक्षण सम्पन्न भएको।
- कानुन बमोजिम सञ्चालक समिति गठन भएको।
- वित्तीय विवरणहरु पारदर्शी र अद्यावधिक भएको।
- सदस्य अभिलेख अद्यावधिक भएको।
- संस्थाले नियमित कारोबार सञ्चालन गरेको।
- प्रचलित कानुन र उपमहानगरपालिकाका निर्देशन पालना गरेको।
- कुनै गम्भीर वित्तीय अनियमितता भएको पुष्टि नभएको।

# परिच्छेद–३

## ५. संस्था अद्यावधिक गर्ने प्रक्रिया

(१) माघ महिनाभित्र संस्था अद्यावधिक (नविकरण ) का लागि निवेदन दिनुपर्नेछ ।

(२) शाखाले आवश्यक कागजात परीक्षण गर्नेछ।

(३) आवश्यक परे स्थलगत अनुगमन समेत गर्न सकिनेछ।

(४) मापदण्ड पूरा भए पश्चात उपमहानगरपालिकाले निर्धारण गरेको ब्यवसाय कर तिरी संस्था अद्यावधिक गरिनेछ।

(५) कागजात वा विवरण अपुग भए १५ दिनभित्र सो कागजातहरु उपलब्ध गराउन समय दिइनेछ।

(६) कागजात पुरा भइ अद्याबधिक भए पश्चात अनुसूची २ बमोजिम प्रमाण पत्र उपलब्ध गराइनेछ।

## ६. संस्था अद्यावधिक नहुने अवस्था

देहायको अवस्थामा संस्था अद्यावधिक गरिने छैन–

- लगातार २ आर्थिक वर्षसम्म साधारण सभा नगरेको।
- लगातार २ आर्थिकसम्मको लेखापरीक्षण नगरेको।
- झुट्टा विवरण पेश गरेको।
- कानुनविपरीत वित्तीय कारोबार गरेको पुष्टि भएको।
- नियामक निकायको निर्देशन पालना नगरेको।
- प्रचलित ऐन नियम अनुसार कार्य गर्नुपर्नेमा सो कार्य गर्नुपर्नेम सो गरेको नपाइएको।

## ७. अनुगमन

उपमहानगरपालिकाले आवश्यकताअनुसार संस्थाको अनुगमन, निरीक्षण तथा अभिलेख परीक्षण गर्न सक्नेछ।

## ८. बाधा अड्काउ फुकाउने अधिकार

यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार घोराही उपमहानगरपालिकामा हुनेछ ।

## ९. खारेजी तथा बचाउ

यस मापदण्डसँग बाझिने अन्य निर्णय वा व्यवस्था यसै मापदण्ड बमोजिम संशोधन वा खारेज भएको मानिनेछ।

# अनुसूची–१

## अद्यावधिक निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
घोराही उपमहानगरपालिका घोराही दाङ ।

**विषयः सहकारी संस्था अद्यावधिक (नवीकरण) सम्बन्धमा।**

प्रस्तुत विषयमा हाम्रो ................................. सहकारी संस्था लिमिटेडको आर्थिक वर्ष .......... को विवरण अद्यावधिक गरिदिन आवश्यक कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु। आवश्यक जाँचबुझ गरी अद्यावधिक प्रमाणपत्र उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु।

निवेदकः

नामः

पदः

संस्थाको नामः

ठेगानाः
सम्पर्क नं.ः
मितिः

**अनुसूची २**

**घोराही उपमहानगरपालिका**

**सहकारी तथा रोजगार प्रवर्द्धन शाखा**

**घोराही, दाङ**

**सहकारी संस्था नविकरण प्रमाणपत्र**

**प्रमाणपत्र नं.:** ......................

यस घोराही उपमहानगरपालिकामा कार्यक्षेत्र कायम गरी सञ्चालनमा रहेको **श्री सहकारी संस्था लिमिटेड ......................................................** ले आर्थिक वर्ष **....................** सम्मको आवश्यक विवरण अद्यावधिक गरेकाले प्रचलित कानून बमोजिम यो नविकरण प्रमाणपत्र प्रदान गरिएको छ

**प्रमाणपत्र जारी गर्ने अधिकारीको**

दस्तखतः ................................

नामः ....................................

पदः .....................................

*पूनश्चः यो प्रमाणपत्र **आर्थिक वर्ष ..........................** का लागि जारी गरिएको हो। संस्थाले आगामी आर्थिक वर्षमा समेत प्रचलित कानूनबमोजिम समयमै अद्यावधिक तथा नवीकरण गराउनुपर्नेछ।*

आज्ञाले

रामबहादुर हमाल

नि. प्रमुख प्रशासकीय अधिकृत